प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८१/०८२

च.नं.: १०३६

मितिः २०८१/१२/२३

विषय : आ.व. २०८२/०८३ को बजेट सीमा र मार्गदर्शन सम्वन्धमा ।

श्री प्रदेश सचिवज्यू,

प्रदेश लोकसेवा आयोग,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय,
आन्तरिक मामिला तथा कानून मन्त्रालय,
पर्यटन, वन तथा वातावरण मन्त्रालय,
भौतिक पूर्वाधार विकास मन्त्रालय,
सामाजिक विकास मन्त्रालय,
स्वास्थ्य मन्त्रालय,
प्रदेश योजना आयोग।

कोशी प्रदेश, विराटनगर ।

नेपालको संविधानको धारा २०७, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा २ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १५ अनुसार असार १ गते प्रदेशको आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेस गर्नुपर्ने कानूनी व्यवस्था रहेको विदितै छ। यसका लागि तहाँ मन्त्रालय/निकायको कार्यक्षेत्र भित्र आगामी आ.व. २०८२/०८३ मा सञ्चालन गरिने कार्यक्रमहरु र सोको लागि आवश्यक पर्ने रकम तहाँ मन्त्रालय/निकायलाई उपलव्ध गराईएको सीमा भित्र रही बजेट प्रस्ताव गर्नुहुन अनुरोध छ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा तहाँ मन्त्रालय/निकायको बजेट सीमा उपलव्ध गराइएको छ। उपलव्ध सीमा भित्रै रही निम्नानुसारका मार्गदर्शनको परिपालना गरी क्रियाकलापमा आधारित बजेट २०८२ बैशाख २२ गतेभित्र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरिसक्ने व्यवस्था मिलाउनहुन समेत अनुरोध छ।

प्रदेश सचिव

फोन नं. … इमेल: info.…

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर नेपाल

प.सं.: २०८१/०८२

च.नं.: १०३६

मिति: २०८१/१२/२३

### १. सीमाभित्र रही बजेट प्रस्ताव गर्ने

- प्राप्त बजेट सीमाभित्र रहेर वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुहुनेछ। कार्यान्वयनको क्रममा सामान्यतया रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्ने गरी यथार्थपरक बजेट प्रस्ताव गर्नुहुनेछ।
- प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० अनुकूल हुने गरी कार्यक्रम तथा आयोजना प्रस्ताव गर्नुहुनेछ। साथै, आयोजनागत विनियोजनको न्यूनतम सीमासमेत सोही बमोजिम कायम गर्नुहुनेछ।
- आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा कोशी प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आयोजना बैंकमा समावेश भएका मध्येबाट प्राथमिकता निर्धारण गरी वजेट प्रस्ताव गर्नुहुनेछ।
- विनियोजन दक्षता कायम गर्न आयोजनाको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित क्रियाकलापमा मात्र बजेट प्रस्ताव गर्नुहुनेछ। आयोजना तथा कार्यक्रममा दीर्घकालीन दायित्व सिर्जना गर्ने प्रकृतिका क्रियाकलाप समावेश गर्नुहुने छैन।
- चालु खर्चमा मितव्ययिता कायम गर्ने गरी अत्यावश्यक बजेट मात्र प्रस्ताव गर्नुहुनेछ। साथै, अनिवार्य दायित्वका खर्च शीर्षकमा पछि थप निकासा माग गर्न नपर्ने गरी पर्याप्त बजेट प्रस्ताव गर्नुहुनेछ।
- एकै प्रकृतिका क्रियाकलाप विभिन्न उपशीर्षक तथा कार्यक्रममा समावेश भएकोमा आगामी आर्थिक वर्षदेखि त्यस्ता क्रियाकलापलाई एकीकृत गरी व्यवस्थित गर्नुहुनेछ।
- प्रदेश योजना आयोगसँगको समन्वयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरी बजेट प्रस्ताव गर्नुहुनेछ। यसरी मध्यमकालीन खर्च संरचना तर्जूमा गर्दा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को अनुसूची-१ को ढाँचामा गर्नुहुनेछ।

### २. नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव

- नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पूर्वतयारी पूरा भएका तथा लागत लाभ विश्लेषणबाट कार्यान्वयनयोग्य देखिएका गुणस्तरीय आयोजना मात्र समावेश गर्नुहुनेछ।
- नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा सो आयोजना कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता, जनशक्तिको उपलव्धता, साधन प्राप्तिको पूर्वानुमान गरी कार्ययोजना सहित आवश्यक परिमाणमा मात्र बजेट प्रस्ताव गर्नुहुनेछ।

- अध्ययन पूरा नभएका नयाँ आयोजनामा कार्यान्वयनका लागि बजेट विनियोजन नहुने हुँदा त्यस्तो आयोजनाको अध्ययन तथा तयारी कार्यका लागिमात्र बजेट प्रस्ताव गर्नुहुनेछ।
- हाल कार्यान्वयनमा रहेका आयोजनाहरू आगामी आर्थिक वर्षमा सम्पन्न हुने भए त्यसका लागि पर्याप्त बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा आयोजनालाई बजेट प्रस्ताव गर्नुहुनेछ।
- सीमित स्रोतको उपलब्धिमूलक उपयोग गर्न स-साना आयोजनामा स्रोत छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुहुनेछ। क्रमागत आयोजनाको संख्या घटाउने, कार्यान्वयन हुन नसक्ने तथा कम प्राथमिकताका आयोजना स्थगन गरी कार्यान्वयनयोग्य आयोजना मात्र प्रस्ताव गर्ने व्यवस्था मिलाउनुहुनेछ। स्रोत सुनिश्चितता नगरी नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछैन। चालु कार्यक्रम तथा आयोजनाको हालसम्मको कार्यान्वयन अनुभवका आधारमा पुनर्संरचना तथा एकीकृत गर्नुपर्ने देखिए सोही बमोजिम व्यवस्थित एवं उपलब्धिमूलक बनाउनुहुनेछ।
- आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा अन्तरतह तथा अन्तरमन्त्रालय दोहोरो नपर्ने सुनिश्चित गर्नुहुनेछ। विपद् संवेदनशीलताका आधारमा जोखिम न्यूनीकरण गर्ने गरी अन्तरनिकाय समन्वय कायम गर्नुहुनेछ।
- विपद्पछिको पुनर्निर्माण कार्यलाई प्राथमिकता दिई बजेट प्रस्ताव गर्नुहुनेछ।

## ३. बहुवर्षीय र सिर्जित दायित्व व्यवस्थापन

- यस मन्त्रालयबाट स्रोत सहमति प्राप्त आयोजना र कार्यक्रमलाई आर्थिक वर्ष २०८२/८३ मा सिर्जना हुने दायित्व भुक्तानी गर्न पुग्ने रकम छुट्याएर मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्नुहुनेछ।
- प्राथमिकताका आधारमा कार्यान्वयन निरन्तरता दिनु नपर्ने प्रकृतिका स्रोत सुनिश्चित गरिएका आयोजनालाई समेत पुनः प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गर्नुहुनेछ।
- यस मन्त्रालयबाट स्रोत सहमति प्रदान भएको विगतदेखिको एकीकृत विवरण र बाँकी दायित्व बजेट सूचना प्रणालीमा अनिवार्य प्रविष्ट गर्ने व्यवस्था मिलाउनुहुनेछ।
- विभिन्न आयोजना तथा कार्यक्रममा विधिसम्मत भएको खर्चको भुक्तानी गर्नुपर्ने सिर्जित दायित्वको रकम अनिवार्य रूपमा प्रस्ताव गर्नुहुनेछ।
- क्रमागत वा बहुवर्षिय आयोजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गर्दा हालसम्मको खर्च र बाँकी दायित्व, चालु आर्थिक वर्षको अन्त्य सम्ममा हुने भौतिक तथा वित्तीय प्रगतिको विश्लेषण गरी आगामी वर्षका लागि बजेट प्रस्ताव गर्नुहुनेछ।

- बहुबर्षीय आयोजनाको हकमा ठेक्का अवधीको अन्त्यमा रहेका आयोजनाको भुक्तानीका लागि पर्याप्त बजेट प्रस्ताव गर्नुहुनेछ। ठेक्का अवधीमा एक आर्थिक बर्ष भन्दा बढी समय रहेका आयोजनाको कामको निरन्तरतामा रोकावट नआउने गरी बजेट प्रस्ताव गर्नुहुनेछ।
- आयोजना/कार्यक्रम र बजेट प्रस्ताव गर्दा आयोजनाको बहुवर्षिय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ समेतको आधारमा गर्नुहुनेछ।

## ४. अन्तरसरकारी वित्तीय हस्तान्तरण

- स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०८२/०८३ का लागि प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानको आधार सम्वन्धमा प्रदेश सरकारलाई गरेको सिफारिसको कार्यान्वयन हुने गरी वजेट प्रस्ताव गर्नुहुनेछ।
- स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्नका लागि प्रस्तावित कार्यक्रमको हकमा सम्बन्धित स्थानीय तहसँग अनिवार्य रुपमा समन्वय गर्नुहुनेछ। स्थानीय तहबाट सञ्चालित सशर्त अनुदान अन्तर्गत सम्बद्ध स्थानीय तहले अपनत्व लिने प्रकृतिका कार्यक्रम मात्र प्रस्ताव गर्नुहुनेछ।
- आर्थिक बर्षको बीचमा सशर्त अनुदान दिनु पर्ने गरी एकमुष्ट रकम राखी पछि बाँडफाँड गर्ने गरी बजेट प्रस्ताव गर्नुहुनेछैन।

## ५. मितव्ययिता कायम गर्ने

- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ अनुकूल हुने गरी मूलतः चालु प्रकृतिका खर्च घटाउने गरी विनियोजन प्रस्ताव गर्नुहुनेछ।
- सफ्टवेयर खरिद र परामर्श सेवा लगायत खर्च शीर्षकमा पर्याप्त आधार र लागत प्रभावकारिता हेरी एकीकृत प्रणाली विकासमा सहयोग पुग्ने भएमात्र बजेट प्रस्ताव गर्नुहुनेछ।
- आयोजना र कार्यक्रमहरू विषयगत मन्त्रालय, संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी बजेट प्रस्ताव गर्नुहुनेछ।
- अबण्डामा कुनै पनि बजेट प्रस्ताव गर्नुहुनेछैन।
- अत्यावश्यक अवस्थामा बाहेक फर्निचर फिक्चर्स, मेसिनरी औजार, सवारीसाधन तथा सजावट खर्चमा बजेट प्रस्ताव गर्नुहुनेछैन।
- स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पारिश्रमिकका लागि पर्याप्त बजेट प्रस्ताव गर्नुहुनेछ। स्वीकृत दरबन्दी भित्रको रिक्त पदका लागि मात्र सेवा करारको सुविधा बापतको रकम प्रस्ताव

प्रदेश सचिव

गर्नुहुनेछैन। अन्यत्र कार्यालयमा काजमा वा दरबन्दी बाहिर कामकाजमा रहेको अवस्थामा उक्त पद रिक्त नमानिने हुँदा त्यस्तो स्थानमा करारमा कर्मचारी राख्ने गरी बजेट प्रस्ताव गर्नुहुने छैन।

- पारिश्रमिक तथा सुविधा, पानी, विद्युत, सञ्चार महशुल अनिवार्य दायित्व, प्रशासनिक खर्च शीर्षकहरु र प्रतिबद्ध दायित्वमा पर्याप्त बजेट प्रस्ताव गर्नुहुनेछ। घरभाडाको हकमा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७९ बमोजिम हुने बाहेकमा बजेट प्रस्ताव गर्नुहुनेछैन।
- मन्त्रालय/ कार्यालयमा विद्यमान जनशक्तिबाट सम्पादन हुने र नीति निर्माण गर्ने कार्यको लागि सेवा र परामर्श खर्चमा बजेट प्रस्ताव गर्नुहुनेछैन।

## ६. बजेट तर्जुमाका मार्गदर्शक आधारहरूको पालना

- सोह्रौं योजना र कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजनाले निर्धारण गरेको सोच, उद्देश्य, रणनीति, कार्यनीति र नतिजा खाकाको आधारमा प्राथमिकता निर्धारण गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।
- प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने गरी आयोजना तथा कार्यक्रमहरू प्रस्ताव गर्नुहुनेछ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको निरन्तरता र प्रदेश सरकारबाट समय समयमा भएका नीतिगत मार्गदर्शनहरुलाई समेत ध्यान दिई बजेट प्रस्ताव गर्नुहुनेछ।
- कोशी प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधिको अनुसूची-५ मा उल्लिखित शीर्षक, कार्यक्रम वा क्रियाकलाप बाहेकका सबै आयोजना/ कार्यक्रममा बजेट प्रस्ताव गर्दा आयोजना बैंकमा समावेश भएका आयोजना/ कार्यक्रम मध्येबाट प्रस्ताव गर्नुहुनेछ।
- एक भन्दा बढी मन्त्रालय वा निकायको सहयोग तथा समन्वयमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको लागि सम्बन्धीत सबै निकायसंग समन्वय गरेर मात्र कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुहुनेछ।
- आर्थिक अनुशासन कायम राख्न प्रदेश सभाका विषयगत समितिहरूका निर्देशन, संवैधानिक निकायहरूको बार्षिक प्रतिवेदनमा उल्लेख गरिएका सुझाव तथा समयसमयमा प्राप्त भएका निर्देशन समेतको परिपालना हुने गरी बजेट प्रस्ताव गर्नुहुनेछ।
- कार्यक्रम तथा आयोजनामा बजेट प्रस्ताव गर्दा विकासको आवश्यकता, भौगोलिक तथा प्रदेश निर्वाचन क्षेत्र समेतको सन्तुलित एवम् समानुपातिक विकास हुने गरी गर्नुहुनेछ। यसरी बजेट

प्रदेश सचिव

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर नेपाल**


प.सं.: २०८१/०८२

च.नं.: १०३६

मितिः २०८१/१२/२३

प्रस्ताव गर्दा आर्थिक प्रतिफल प्राप्त हुने, राजश्व अभिवृद्धि गर्ने, सेवा प्रवाहको गुणस्तरमा सुधार हुने तथा रोजगारी सिर्जना गर्ने विषयलाई समेत ध्यान दिनुहुनेछ।

- समपूरक अनुदान, सहलगानी एवम् लागत साझेदारीका आयोजना वा कार्यक्रममा प्रदेशले व्यहोर्नु पर्ने रकम समेत तहाँ मन्त्रालयकै बजेट सीमा भित्र रहेर वजेट प्रस्ताव गर्नुहुनेछ।
- संघ सशर्त, समपूरक र विशेष अनुदान प्राप्ति भएपछि मार्गदर्शन वमोजिम कार्यान्वयन गर्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी गर्ने व्यवस्था मिलाउनु हुनेछ।
- आयोजनाको कूल लागत, हालसम्मको खर्च, आगामी तीन आर्थिक वर्षको लागि प्रस्तावित रकम, स्रोत, त्रैमासिक विभाजन, वार्षिक खरिद योजना/गुरुयोजना, आयोजना/कार्यक्रमको आवश्यकता, उद्देश्य, उपलव्धी र दायित्व सृजना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याँई गर्ने आवश्यक सूचना विस्तृत रुपमा खुलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख गरी क्रियाकलापमा आधारित भएर बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।
- मन्त्रालय/ निकायले बजेट प्रस्ताव गर्दा दिगो विकास लक्ष्य संकेत, गरीबी निवारण, लैङ्गिक बजेट र जलवायु परिवर्तन सम्बन्धी संकेत समेतका आधारमा गर्नुहुनेछ।
- मन्त्रालय/ निकायलाई उपलव्ध गराइएको बजेट सीमा रकमबाट मातहतका निकायलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेटको सीमा प्राप्त गरेको एक हप्ताभित्रमा सीमा निर्धारण र बाँडफाँड गरिसक्नु हुनेछ। उक्त बाँडफाँट भएको बजेट कार्यालय/निर्देशनालय हुँदै मन्त्रालयबाट प्रस्ताव गर्ने व्यवस्था मिलाउनु हुनेछ।
- प्रदेश सरकारले स्थानीय तहसँगको सम्झौता बमोजिम व्यहोर्नुपर्ने र वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजना/कार्यक्रमका लागि सम्झौतानुसार प्रदेश सरकारको दायित्व बमोजिमको बजेट प्रस्ताव गर्नुहुनेछ।
- नेपालको संविधान एवम् कानूनी व्यवस्था अनुसार प्रदेशको कार्यक्षेत्र भित्र सीमित रहेर बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ।

०८१/१२/२३

.................. प्रदेश सचिव

शंकर नेपाल

प्रदेश सचिव